बडीमालिका नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:७ संख्या: ७ मिति २०८० साउन [illegible] गते मंगलबार

भाग:२

बडीमालिका नगरपालिकाको मिति २०८० असार १० गते नगरसभाबाट स्वीकृत भएको बडीमालिका नगरपालिका योजना प्रक्रियामा युवा सहभागितासम्बन्धी कार्यविधि, २०८०

सार्वजनिक जानकारीको लागि निम्नलिखित प्रकाशन गरिएको छ।

आज्ञाले,
रंगलाल वि.क
प्रमुख प्रशासकीय अधिकृत

योजना प्रकृयामा युवा सहभागिता सम्बन्धि कार्यविधि, २०८०

## बर्दिबास नगरपालिका योजना प्रक्रियामा युवा सहभागितासम्बन्धी कार्यविधि, २०८०

प्रस्तावना: स्थानीय तहको योजना निर्माण प्रक्रियामा विकासको आधारशिला भनेर सक्षम र सचेत युवाको अर्थपूर्ण सहभागिता मार्फत स्थापित गर्ने आवश्यकता र प्राथमिकताको आधारमा युवाहरूको सहभागितालाई व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बर्दिबास नगरपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

### परिच्छेद – १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "बर्दिबास नगरपालिका योजना प्रक्रियामा युवा सहभागितासम्बन्धी कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "उपप्रमुख" भन्नाले स्थानीय तहका उपप्रमुख सम्झनुपर्दछ।

(ख) "प्रमुख" भन्नाले स्थानीय तहका प्रमुख सम्झनुपर्दछ।

(ग) "प्राथमिकता समूहका युवा" भन्नाले भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक, मानवीय तथा राजनीतिक रूपमा पिछडिएको समूहमा रहेका युवाहरूलाई सम्झनुपर्छ।

(घ) "स्थानीय तह" भन्नाले बर्दिबास नगरपालिका सम्झनुपर्दछ।

(ङ) "युवा" भन्नाले १६ देखि ४० वर्षसम्मका नागरिकलाई सम्झनुपर्दछ।

(च) "युवाको अर्थपूर्ण सहभागिता" भन्नाले योजना प्रक्रियामा युवाको प्रभावशाली उपस्थिति समूह, साझेदार र नेतृत्वकर्ता भएर हुने सम्झनुपर्दछ।

(छ) "युवा सम्बन्धी सरोकारवाला" भन्नाले स्थानीय तहको युवा समन्वय समिति, युवा संजाल, सहकारी संस्थाको सदस्य र समाजमा सक्रिय रहेका विद्यार्थी लगायतका व्यक्तिमा पचास प्रतिशत युवा महिलाको प्रतिनिधित्व सम्झनुपर्दछ।

(ज) "युवा संस्था" भन्नाले युवाका क्षेत्रमा सक्रिय युवा क्लब, युवा सामाजिक संघ संस्था, सहकारी, युवा तथा विद्यार्थी संगठन र उद्यमी युवा, समाजसेवक जस्ता सङ्गठित युवाको समूह भन्ने सम्झनुपर्दछ।

(झ) "विषयगत समिति" भन्नाले स्थानीय तहको कार्यपालिकाको कार्य विभाजन नियमावली बमोजिम स्थापित रहेका गठन हुने विषयगत समिति सम्झनुपर्दछ।

(ञ) "विशेष प्राथमिकताको समूहका युवा" भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, दलित, मुस्लिम समुदायका र पिछडिएका क्षेत्रका युवा सम्झनुपर्दछ।

(ट) "समिति" भन्नाले दफा १४ बमोजिमको युवा समन्वय समिति सम्झनुपर्दछ।

योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धि कार्यविधि २०८०

(७) "सरोकारवाला निकाय" भन्नाले युवाका लागि पहलकदमी गर्ने सरकारी निकाय, निजी क्षेत्र, राजनीतिक दल, निजी क्षेत्र, सञ्चार क्षेत्र, सामुदायिक, सांस्कृतिक तथा सामाजिक संघसंस्था, धार्मिक संघसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, शैक्षिक संस्था, समुदाय, परिवार, अभिभावक र युवा समूह भन्ने सम्झनुपर्छ।

परिच्छेद – २

युवाको अवस्था पहिचान र सहकार्य सम्बन्धी व्यवस्था

३. युवाको तथ्याङ्क अद्यावधिक गर्ने र अभिलेखीकरण गर्ने : (१) युवाको जनसङ्ख्या, लिङ्ग, जातजाति, भाषा, धर्म, शैक्षिक अवस्था, आर्थिक अवस्था, अपाङ्गता, पेशा व्यवसाय जस्ता विषयमा तथ्याङ्क राखी र अद्यावधिक गरिने छ।

(२) युवाको क्षेत्रमा सक्रिय समूहको पहिचान गरी अभिलेख राख्ने युवा क्लब, युवा सामाजिक संघ संस्था, स्काउट, राजनीतिक दल, उद्यमी युवा, स्वयंसेवी जस्ता संगठित युवाको समूहलाई सहकार्यका लागि आह्वान गरिने छ।

(३) उत्कृष्ट युवालाई विज्ञता वा अनुभवको प्राथमिकताका आधारमा अभिरुचिअनुसारको क्षेत्रमा संलग्न गराउन रोस्टर तयार गरी आवश्यकता अनुसार सहभागी गराइने छ।

(४) सूचना प्रविधिको प्रयोग गरी तथ्याङ्कको संकलन, अद्यावधिक र अभिलेख व्यवस्थापन गरिनेछ।

(५) स्थानीय तह भित्रका विभिन्न विषयगत योजना निर्माण प्रक्रिया, कार्यान्वयन र अनुगमन कार्यमा युवालाई [illegible], सहयोगी र मित्र सहजकर्ताको रूपमा सहभागी गराइने छ।

४. नीति निर्माण तथा कार्यान्वयनमा युवाको सहभागिता: (१) युवाको क्षमता विकास गरी आवश्यक अधिकार सम्पन्न स्थापित गरी सबै तहका नीति तथा योजना निर्माण, निर्णय एवम् कार्यान्वयनमा युवाको सहभागिता गराइनेछ।

(२) योजना तर्जुमा र निर्णय प्रक्रियामा प्रत्यक्ष रूपमा युवालाई संलग्न गराउन संस्थागत संयन्त्रको विकास गरिनेछ।

(३) युवालाई विभिन्न क्षेत्रमा स्वयंसेवकको रूपमा सहभागी हुन अवसर प्रदान गरी नेतृत्वदायी भूमिकामा स्थापित गर्न र उद्यमशील युवाको स्थानीय सरकारको प्रक्रियामा पनि अभिप्रेरित गराइनेछ।

५. युवामैत्री कार्यक्रमको तर्जुमा: (१) युवामैत्री कार्यक्रम तर्जुमा, युवाका अवसर र सरोकारका विषयमा संवाद, अन्तरक्रिया र पैरवीका लागि अनुकूल वातावरण सृजना गरिनेछ।

(२) स्थानीय तहको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा युवाको ज्ञान, सीप, क्षमता र समयको उपयोगबारे सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ।

(३) समावेशी सिद्धान्त र सकारात्मक विभेदको मान्यताबाट समाजमा पछाडि परेका महिला युवा, अपाङ्गता भएका युवा, दलित युवा जस्ता प्राथमिकता र विशेष प्राथमिकताका समूहका युवाहरूलाई मूलप्रवाहीकरण गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

(४) विभिन्न उमेर समूहका युवाको अवस्था र आवश्यकता फरक हुने भएकाले युवालाई दुई फरक उमेर समूहमा वर्गीकरण गरी १६–२४ वर्ष र २५–४० वर्ष गरी दुई समूहमा विभाजन गरी लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६. विभिन्न संघ संस्थासँग सहकार्य तथा समन्वय: (१) स्थानीय तहको विकासमा युवाहरूको ऊर्जालाई र समाजको क्षेत्रलाई सङ्गठित गरी प्रभावकारी बनाइनेछ।

(२) युवाको कुशल नेतृत्व विकासका लागि गर्ने कार्यमा स्थानीय सहसंस्था, क्लब, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग समन्वय गरी साधन र स्रोत परिचालन गरिनेछ।

परिच्छेद – ३

योजना प्रक्रियामा युवाको सहभागितासम्बन्धी व्यवस्था

७. योजना तर्जुमा प्रक्रियामा युवा सहभागिता: (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाको योजना तर्जुमा प्रक्रियाको वडास्तरदेखि नै हरेक चरणमा युवाको सहभागिता गराउने व्यवस्था मिलाइनेछ।

(२) योजना तर्जुमा प्रक्रियामा हुने छलफल, प्राथमिकीकरण र निर्णय निर्माणमा सङ्गठित वा असङ्गठित युवाको अर्थपूर्ण सहभागिता गराउन लक्षित र आर्थिक तथा प्राविधिक रूपमा सक्षम बनाउन प्रोत्साहन गर्दै युवाको विशेष सहभागिता सुनिश्चित गरिनेछ।

(३) योजना तर्जुमाको सम्पूर्ण प्रक्रियामा युवा, युवा नेतृत्वको संलग्नता गरी युवा क्लब सञ्जाल र सङ्गठनमा रहेका युवा प्रतिनिधिको सहभागितामा युवाका सवालहरू पहिचान गरी र योजना बनाउने व्यवस्था मिलाइनेछ।

(४) योजनाको प्राथमिकीकरण गर्दा युवाका सवालहरू प्राथमिकताका साथ विषयगत रूपमा सम्बोधन हुने गरी आवश्यक व्यवस्था मिलाइनेछ।

(५) योजना कार्यान्वयनका लागि आवश्यक स्रोतको परिचालनमा युवाको उपयोग गर्न युवालाई परिचालन गर्न उचित प्रबन्ध गरिनेछ।

(६) योजना कार्यान्वयनका क्रममा अनुगमन मूल्याङ्कन लगायतका कार्यमा युवालाई परिचालन गरिनेछ।

८. उपभोक्ता समितिको गठनमा युवाको सहभागिता: उपभोक्ता समिति गठन गर्दा उक्त समितिको प्रतिनिधिमा युवाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

९. युवालाई विशेष अवसर प्रदान गर्ने: (१) युवालाई सहभागिता र नेतृत्व विकास गर्न तथा उपभोक्ताका क्षेत्रको पहिचान गरी विशेष क्षेत्रमा परिचालन गर्ने गरी अवसर प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

(२) योजना तर्जुमा गर्दा स्थानीय वा विभिन्न आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय विषयमा समावेशी अभिवृद्धि तथा सशक्तीकरण गर्ने कार्यमा युवाको भूमिकालाई प्राथमिकता दिइनेछ।

(३) डिजिटल साक्षरता जस्ता आधुनिक विषयको सम्बन्धमा टेलिफोन, इन्टरनेट वा अन्य डिजिटल माध्यमको प्रयोग गरी लोकतन्त्रसम्बन्धी आवश्यक छलफल, अन्तरक्रिया, बैठक आयोजना गरी आवश्यक सशक्तीकरणका लागि युवाको परिचालन गरिनेछ।

१०. वार्षिक बजेट विनियोजनसम्बन्धी व्यवस्था: युवा लक्षित कार्यक्रम कार्यान्वयनका लागि युवाहरूको प्रतिनिधित्व बजेट तथा कोटिएका कार्यक्रम अनिवार्य रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

११. योजना कार्यान्वयनमा युवा सहभागिता: (१) योजना कार्यान्वयनमा सार्वजनिक सूचना प्रवाहको भूमिका निर्वाह गर्ने गरी युवालाई महत्त्वपूर्ण जिम्मेवारी सहित सक्रिय सहभागी गराइनेछ।

(२) गाउँपालिका विभिन्न दिवस तथा रोजगार कार्यक्रम सञ्चालनका लागि युवालाई आह्वान गरिनेछ।

(३) युवाहरूको साझेदारीमा सीप विकास, उद्यमशीलता, सुशासन प्रवर्द्धन, लागूपदार्थ नियन्त्रण र सामाजिक विसंगति विरुद्धका अभियान जस्ता कार्यक्रममा सहकार्य गरिनेछ।

(४) स्थानीय तहहरूमा युवा परिषद्, युवा सञ्जाल र यस्ता संरचनालाई योजनाको प्रक्रियामा संलग्न गराउने अवसरको सुनिश्चितता गरिनेछ।

१२. अनुगमन तथा पुनरावलोकनमा युवाको संलग्नता: (१) योजना कार्यान्वयनको कार्यकुशलता एवं प्रभावकारिताको अनुगमन गर्दा एवं सार्वजनिक जवाफदेहिताको सुनिश्चितताको लागि सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण जस्ता औजार प्रयोग गर्न सक्ने गरी युवालाई संलग्न गराइनेछ।

(२) स्थानीय तहमा सञ्चालित विकास आयोजनाको अनुगमन तथा पुनरावलोकन कार्यमा युवाको प्रतिनिधित्व विशेष गरी आवश्यक समन्वय समितिको सिफारिसमा सहभागिता सुनिश्चित गरिनेछ।

(३) स्थानीय तहमा युवाद्वारा सञ्चालित आयोजनाको अनुगमन तथा पुनरावलोकनमा आवश्यकता अनुसार आयोजना कार्यान्वयन हुने वडाको वडास्तरीय अनुगमन समितिका प्रतिनिधिलाई सहभागी गराइनेछ।

(४) युवाका विषयमा र युवाहरूको साझेदारीमा भएका कार्यक्रमको नियमित अनुगमन, पुनरावलोकन र मूल्याङ्कन युवा समन्वय समितिले गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्नेछ।

(५) स्थानीय तहको योजना अनुगमन तथा पुनरावलोकनमा संलग्न उत्कृष्ट युवा कार्यक्रमलाई वार्षिक रूपमा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

परिच्छेद–४

युवा समन्वय समिति सम्बन्धी व्यवस्था

१३. युवा समन्वय समितिको गठन: (१) युवाको योजना निर्माणमा सहभागिता र युवाको सार्थक कार्यक्रमको समन्वयका लागि स्थानीय तहमा देहायबमोजिमको समिति गठन गरिनेछ।

(क) संयोजक, सामाजिक समिति –संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(ग) संयोजक, आर्थिक समिति वा सिफारिस गरेको समितिको महिला सदस्य –सदस्य

(घ) अध्यक्ष, स्थानीय युवा परिषद् –सदस्य

(ङ) क्रियाशील युवा, युवा क्लब, युवा सामाजिक संस्थामध्ये पालैपालो अनुभवको आधारमा मनोनित गरेका दुई जना महिला सहित ४ जना –सदस्य

(च) शाखा प्रमुख, युवा हेर्ने स्थानीय तहको शाखा/महाशाखा –सदस्य सचिव

(२) उपदफा (१) मा भएको समितिको बैठकमा जिल्ला युवा समितिका अध्यक्ष, युवाको क्षेत्रमा विशेष योगदान पुर्याएका व्यक्तिलाई समेत आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

१४. मनोनित सदस्यको योग्यता: (१) देहायको योग्यता पुगेको युवा व्यक्ति समन्वय समितिमा मनोनयनका लागि योग्य हुनेछ:

(क) १६ देखि ४० वर्षसम्म उमेर भएका ।

(ख) आधारभूत शिक्षा पूरा गरेको ।

(ग) युवासँग सम्बन्धित आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, स्वयंसेवा वा विकासे प्रतिनिधित्व गर्ने क्षेत्र कृषि, उद्यम, खेलकुद जस्ता क्षेत्रमा कम्तीमा दुई वर्षको कार्य अनुभव भएको ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग नलागेको ।

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग लागेको व्यक्ति भए सो अभियोगबाट सफाई पाएको तीन वर्ष पूरा भएको ।

(च) सरकारी सम्पत्ति हिनामिना नगरेको ।

१५. समितिका पदाधिकारी तथा सदस्यको पदावधि: (१) समितिका मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(२) मनोनित सदस्यको पदावधि एक कार्यकालका लागि थप गर्न सकिनेछ ।

१६. मनोनित सदस्यको पद रिक्त हुने: (१) देहायको अवस्थामा समितिका मनोनित सदस्यको पद रिक्त भएको मानिनेछ ।

(क) पदबाट राजीनामा दिएमा ।

(ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग प्रमाणित भएमा ।

(ग) समितिको आचरण विपरीत काम गरेमा ।

(घ) मृत्यु भएमा ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम पदमुक्त गर्दा कारबाही गर्नु अघि निजलाई सफाइ पेश गर्ने मौका दिइनेछ ।

(३) समितिको कुनै पनि पद रिक्त भएमा बाँकी अवधिको लागि सोही प्रतिनिधित्व कायम राखी नियुक्ति गर्न सकिनेछ ।

१७. समितिको काम, कर्तव्य र अधिकार: (१) समितिको काम कर्तव्य र अधिकार अन्यत्र उल्लेख भए अतिरिक्त देहायबमोजिम हुनेछः

(क) स्थानीय तहमा युवाहरूको अभिलेखीकरण गर्ने, विवरण अद्यावधिक गर्ने तथा युवाहरूको रुचीको क्षेत्र पहिचान सहित सीप र लगन अनुसार क्रियाकलाप गर्न पालिकालाई सहयोग गर्ने ।

(ख) युवासम्बन्धी कार्यक्रम एवं आयोजना सञ्चालन गर्न आवश्यक समन्वय गर्ने ।

(ग) वार्षिक योजना तर्जुमा प्रक्रियामा युवाको सहभागिताका लागि समन्वय गर्ने ।

(घ) योजनाहरूमा युवाको सहभागिता अभिवृद्धि गर्न तथा युवा क्लब/पालिका स्तरीय युवा सञ्जाल, पालिका युवा परिषद् र अन्य सरोकारवालासँग नियमित समन्वय र सहकार्य गर्ने ।

(ङ) युवाको प्रतिनिधित्वको समीक्षाका लागि कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

(च) युवाले सञ्चालन गरेका आयोजना वा क्रियाकलापसम्बन्धी अभिलेखलाई दुरुस्त राख्ने ।

(छ) युवाका क्षेत्रमा काम गर्ने युवा, सहयोगी संस्था, विभिन्न तहका अन्य समिति तथा विषयगत समन्वय गरी युवाका विषयलाई मूलप्रवाहीकरण गर्ने।

(ज) युवाको क्षमता अभिवृद्धि तथा स्वरोजगारका क्षेत्रहरूको पहिचान गरी आवश्यक कार्यक्रमका लागि कार्यपालिकालाई सिफारिस गर्ने।

(झ) विद्यालयस्तरमै युवा क्लब गठन र उनीहरूको सहभागितालाई अभिवृद्धि गरी सक्षम युवा र सभ्य नागरिक बनाउन भूमिका निर्वाह गर्ने।

(ञ) स्थानीय तहले तोकेका युवा समन्वयसम्बन्धी अन्य कार्य गर्ने।

(२) उपदफा (१) मा तोकिएको काम कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय तहले युवा परिचालनको आवश्यकता देखेमा युवा समन्वय समितिहरूको सामूहिक कार्यपरिषद्बाट निर्णय गराई वा जिम्मेवारी तोकन बाँकी युवाहरूको परिचालन गर्नेछ।

१८. समितिको बैठकसम्बन्धी व्यवस्था: (१) समितिको बैठक सामान्यतया दुई महिनामा एक पटक बस्नेछ, आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ।

(२) बैठकमा कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ। बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ।

(३) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ। संयोजकको अनुपस्थितिमा उपस्थित मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

१९. समितिका पदाधिकारी एवं सदस्यको आचारसंहिता सम्बन्धी व्यवस्था: युवा समन्वय समितिका पदाधिकारी तथा सदस्यले समितिका निर्णय र काम कारवाहीलाई पारदर्शी र जिम्मेवार बनाउन समितिको आचारसंहिता बनाई लागू गर्नुपर्नेछ।

परिच्छेद –५

समन्वय तथा सहकार्य सम्बन्धी व्यवस्था

२०. स्थानीय योजना प्रक्रियामा युवा सहभागिता: (१) देहाय बमोजिमका व्यक्ति तथा संस्थालाई स्थानीय योजना प्रक्रियामा युवा सहभागितासम्बन्धी सरोकारवालाको रुपमा परिचालन गरिनेछ:

(क) स्थानीय तहको शिक्षा, युवा र खेलकुद शाखा,

(ख) स्थानीय स्तरका विभिन्न राजनीतिक दल र भातृ सङ्गठन,

(ग) स्थानीय स्तरमा काम गर्ने विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा विकास साझेदार,

(घ) सञ्चार माध्यम,

(ङ) विभिन्न पेशा व्यवसायमा संलग्न युवा उद्यमी, अनुसन्धानकर्ता, विज्ञ वर्ग,

(घ) स्थानीय स्वास्थ्य समिति, विद्यालय व्यवस्थापन समिति, वन व्यवस्थापन समिति, खानेपानी व्यवस्थापन समिति, जलाशय, टोल विकास संस्था/समिति, उपभोक्ता समिति, महिला/आमा समूह, सहकारी र धार्मिक समुदाय जस्ता विभिन्न सिकाइगत समूह,

(ङ) युवा समूह ।

१९. स्थानीय योजना प्रक्रियामा युवा सहभागितासम्बन्धी सरोकारवालाको भूमिका

(१) स्थानीय तहको भूमिका

(क) स्थानीय तहको नीति निर्माण प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

(ख) स्थानीय तहमा युवा परिषद्, स्थानीय तह स्तरीय युवा क्लब गठन गर्ने र प्रत्येक वडामा युवा काम गर्ने युवाका लागि नेतृत्व विकास र क्षमता विकासका अवसर सृजना गर्ने ।

(ग) शिक्षा, युवा र खेलकुद शाखाले विषयगत कार्यक्रम तयार गर्दा प्रत्येक आर्थिक वर्षमा आन्तरिक, बाह्य र दातृ स्रोतका लागि पहलकदमी लिने ।

(घ) योजना प्रक्रियामा युवाको सहभागिता, सहकार्य र नेतृत्व विकास गर्ने ।

(ङ) स्थानीय युवाहरूको प्रतिनिधित्वका रूपमा स्थापित हुन आवश्यक युवा प्रबन्ध गर्ने ।

(२) विकास साझेदारहरूको भूमिका

(क) अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय विकास संस्था, संयुक्त राष्ट्रसंघ जस्ता विकास साझेदारले युवाको नेतृत्व विकास हुने कार्यक्रममा लगानी गर्ने ।

(ख) कार्यक्रमहरूको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने ।

(ग) कार्यपालिकाले प्राथमिकीकरण गरेको युवाका योजना कार्यक्रमलाई सहयोग गर्दै कार्यक्रम सञ्चालन सहयोग गर्ने ।

(३) निजी क्षेत्रको भूमिका

(क) निजी क्षेत्रले सामाजिक उत्तरदायित्व अन्तर्गत युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

(ख) निजी क्षेत्रले सञ्चालन गर्ने कार्यक्रममा युवाको सहभागिता लिने र युवाहरूलाई प्रोत्साहित गर्ने ।

(४) सामाजिक संघ संस्थाहरूको भूमिका

(क) सामाजिक संघसंस्थामार्फत सञ्चालित युवाको नेतृत्व र युवालाई प्रतिनिधित्व दिने ।

(ख) युवामा सदाचार प्रवर्द्धन गर्ने, नेतृत्व विकास गर्ने खालका कार्यक्रम तय गर्ने ।

(ग) युवामा नेतृत्व विकासका लागि अभिभावक तथा समाज अभिवृद्धि हुने कार्यक्रम लागू गर्ने ।

(घ) स्थानीय तहसँगको समन्वयमा युवा लक्षित कार्यक्रम कार्यान्वयन गर्ने ।

(५) सञ्चार क्षेत्रको भूमिका

(क) युवाको सहभागिताका विषयमा सञ्चार माध्यममा प्राथमिकताका साथ उठाउने।

(ख) युवाले गरेका सकारात्मक कार्यको प्रचार प्रसार गर्ने।

(ग) युवालाई नैतिक शिक्षा हुने खालका कार्यक्रमको प्रकाशन तथा प्रसारणमा जोड दिने।

(घ) युवाको नेतृत्वमा भएका सफलतालाई प्राथमिकता दिने।

२२. समन्वय र सहकार्य: (१) युवाको सहभागिता अभिवृद्धिका लागि संघीयस्तरमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय योजना आयोग र विभिन्न विषयगत मन्त्रालय, राष्ट्रिय युवा परिषद् र मातहतका समिति, प्रदेश सरकार युवा सम्बन्धित मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र अन्य विषयगत मन्त्रालयबाट हुने युवासम्बन्धी सङ्घीय तथा प्रदेशका नीति तथा कार्यक्रम र बजेटका लागि उचित समन्वय र सहकार्य गरिनेछ।

(२) योजना निर्माण प्रक्रियामा युवा सहभागिता सुनिश्चित गर्न स्थानीय तहबाट युवाको विकासका लागि गरिएका प्रयासमा सहयोगी बनाई स्थानीय तहमा युवा सञ्जालको विकास गरिनेछ।

(३) युवाको समग्र विकास गरी नेतृत्व स्थापित गर्न र स्वयंसेवाका अवसर सृजना गर्न विभिन्न युवा सङ्घ सङ्गठन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र विकास साझेदारको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

(४) युवा विकासमा क्रियाशील सङ्घ संस्था, सञ्जाल, युवा क्लब, रेडक्रस, स्काउट, निजी क्षेत्रका युवा, उद्यमी संस्थाको साझेदारीमा सहकार्य गरी यो कार्यविधि कार्यान्वयन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

परिच्छेद [illegible]

विविध

२३. सहयोग गर्नुपर्ने: यस कार्यविधि बमोजिम युवा सहभागिता बढाउनको लागि आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२४. व्याख्या गर्ने अधिकार: यस कार्यविधिमा उल्लिखित कुनै पनि व्यवस्था अस्पष्ट भएमा सोको अन्तिम व्याख्या कार्यपालिकाले गर्नेछ।

२५. बाधा अड्काउ फुकाउन सक्ने: यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा स्थानीय तहको कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२६. संशोधन गर्न सक्ने: कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिमा संशोधन गर्न सक्नेछ।

योजनामा युवा सहभागिता कार्यविधि २०८०

अनुसूची - १

( दफा ३ को उपदफा १ सँग सम्बन्धित )

युवाको तथ्याङ्क अभिलेखीकरण र आधारभूत भर्ने फारामको ढाँचा

परिचयात्मक खण्ड

नाम थर:

स्थानीय तहको नाम: वडा नं.:

घरमूलीको पूरा नाम : जातजाति: परिवार संख्या :
महिला: पुरुष : अन्य:
अपाङ्गता भए अपाङ्गताको किसिम:

व्यक्तिगत खण्ड

१६ देखि ४० वर्षको उमेर समूहका लागि

१) उमेर: २) लिङ्ग: म/पु/अ

३) वैवाहिक अवस्था : विवाहित/अविवाहित/ एकल / अपाङ्गताको अवस्था:

५) शैक्षिक अवस्था: ६) पेशा/व्यवसाय:

७) आवश्यकता :

शैक्षिक अवस्था

शैक्षिक संस्थामा पढ्न नगएको/छोडेको कति उमेरमा छोडेको विद्यालय/विश्वविद्यालय नगएको

हाल पढ्न लेख्न गएको विद्यालय/विश्वविद्यालय :

शैक्षिक स्तर

क) साक्षर/अनौपचारिक शिक्षा ख) माध्यमिक तह /आधारभूत शिक्षा ग) प्रवीणता तह घ) स्नातक तह ङ) स्नातकोत्तर तह

च) विद्यावारिधि

अध्ययन गरेको क्षेत्र

मानविकी तथा सामाजिक शिक्षा व्यवस्थापन

रोजगारमा युवा सहभागिता सम्बन्धि कार्यविधि २०८०

शिक्षा

विज्ञान तथा प्रविधि

स्वास्थ्य-चिकित्साशास्त्र इन्जिनियरिङ

कानुन कृषि

वन पशुविज्ञान-पशुचिकित्सा र पशुपालन

कम्प्युटर-सूचना विज्ञान अन्य थाहा छैन

पेशा-व्यवसाय

घरेलु उद्योग व्यापार सेवा कृषि मौसमी रोजगार पूर्ण रोजगार

अर्धरोजगार पूर्ण बेरोजगार

सीप-तालिम: सीप वा तालिम प्राप्त विषय:

मासिक आम्दानी: वार्षिक आम्दानी:

सम्पत्तिको विवरण:

योजना प्रकृयामा युवा सहभागिता सम्बन्धि कार्यविधि २०८०

अपाङ्गताको अवस्था

(१) अपाङ्गता भएको (२) अपाङ्गता नभएको

अपाङ्गता भएको भए अपाङ्गताको किसिम

क) शारीरिक अपाङ्गता ख) बहिरा ग) सुस्तश्रवण

घ) पूर्ण दृष्टिविहीन ङ) न्यून दृष्टियुक्त च) स्वर तथा बोलाइसम्बन्धी

छ) श्रवण दृष्टिविहीन ज) अनुवंशीय रक्तश्राव (हेमोफेलिया)

झ) अटिजम ञ) बौद्धिक अपाङ्गता

ट) मनोसामाजिक अपाङ्गता ठ) बहुअपाङ्गता

शिक्षाको क्षेत्र :

रुचिको क्षेत्र :

योजना प्रकृयामा युवा सहभागिता सम्बन्धि कार्यविधि २०८०

अनुसूची – १
(दफा ३ को उपदफा ३ सँग सम्बन्धित)
इच्छुक युवालाई सिकाइ वा अनुभवको प्रमाणिकरणका आधारमा रुचिअनुरूप संलग्न हुने माध्यमको ढाँचा

हालसालै खिचेको पासपोर्ट साइजको फोटो

श्री........................

...........पालिकाको कार्यालय

मिति................

विषय: स्वयंसेवकको रुपमा सहभागी हुन पाउँ।

महोदय,

म स्थित .... वर्षीय .............. विषयमा ज्ञान भई आएको छु। ...... गाउँपालिका/नगरपालिका भित्र सञ्चालित योजना र कार्यक्रममा शुरुवात गरिएकाले मेरो शैक्षिक योग्यता, कार्यानुभवका आधारमा ................... स्वयंसेवक हाजिर स्वयंसेवक गर्न इच्छुक रहेकाले यो निवेदन पेश गरेको छु।

१. नाम थर:

२. ठेगाना:

(क) स्थायी ठेगाना, .........गाउँ/नगरपालिका ..................... वडा नं. ....... टोल......

(ख) अस्थायी ठेगाना, ........गाउँ/नगरपालिका ................. वडा नं. ....... टोल ............

सम्पर्क नम्बर ..................... ईमेल ......................................................

३. लिङ्ग ...................

४. जन्म मिति (विक्रम सम्वत): .......................

५. उमेर:

६. वैवाहिक स्थिति: विवाहित/अविवाहित:

७. विवाहित भए पति /पत्नीको नाम:

८. धर्म:

९. नेपाली नागरिकताको प्रमाणपत्रको नम्बर, जारी भएको मिति र जिल्ला:

योजना प्रकृयामा युवा सहभागिता सम्बन्धि कार्यविधि २०८०

१०. बाबुको नाम :

११. आमाको नाम :

१२. शैक्षिक योग्यता :

१३. अनाइएका भएमा सोको विवरण :

१४. सेवा गर्न चाहेको क्षेत्र विज्ञता र रुचिको विषय :

१५. सेवा गर्न चाहेको समयावधि :

सम्बन्धित विषयमा कुनै तालिम लिएको भए : १.

२.

३.

सेवा गर्न चाहेको विषयको अनुभव भएमा

.........देखि ...................सम्म ...................मा ...................कार्यालय।

.........देखि ...................सम्म ...................मा ...................कार्यालय।

.........देखि ...................सम्म ...................मा ...................कार्यालय।

(यो निवेदनसँग नागरिकताको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि र तालिम लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ।)

आवेदकको नाम, थर :

दस्तखत :

मिति :

अनुसूची – ३

(दफा ९ को उपदफा १ र दफा १७ को उपदफा २ को (ख) सँग सम्बन्धित)

युवाको नेतृत्व विकास र स्वयंसेवाका क्षेत्र

१. नेतृत्व विकासका क्षेत्र

(१) युवाको क्षमता विकास

यो कार्यविधिले सार्वजनिक नीति निर्माण, योजना निर्माण, निर्णय प्रक्रिया, कार्यान्वयन र अनुगमनमा युवा सहभागिता बढाउने र युवाको नेतृत्वमा सामाजिक, आर्थिक रूपान्तरण र वातावरणीय समस्या समाधान गरी राष्ट्र निर्माणमा युवा स्वयंसेवकलाई थप प्रोत्साहित गर्न आवश्यक छ। नेतृत्व पुर्‍याउन निम्न क्षेत्रमा युवाको क्षमता विकास गर्ने र युवालाई योजना निर्माण प्रक्रियामा

योजना प्रकृयामा युवा सहभागिता सम्बन्धी कार्यविधि २०८०

(क) युवा नेतृत्व विकासका लागि युवाको ऊर्जा, ज्ञान, सीप र प्रतिभाको आधारमा राष्ट्रनिर्माणमा संलग्न हुन उत्प्रेरणा जगाई काम गर्ने अवसर सृजना गर्ने।

(ख) युवा विकास तथा तालिम, आपसी छलफल, गोष्ठी, अध्ययन, अनुसन्धान, नेतृत्व तालिम र क्षमता अभिवृद्धि, सांस्कृतिक आदान-प्रदान र सहकार्यको संस्कृति बनाउन स्थानीय तहमा युवा विकास स्रोत केन्द्र निर्माण गर्ने।

(ग) युवा, नागरिक समाज संस्था, सञ्जाल, उद्यमशील युवा, सम्भावित विशेष क्षमता भएका युवा लगायत विभिन्न प्रतिभावान युवा समेट्ने गरी नेतृत्व विकासका लागि विशिष्टिकृत तालिम सञ्चालन गर्ने।

(घ) युवा नेतृत्व प्रतिष्ठान स्थापना गरी नियमितरूपमा युवाको नेतृत्व गर्ने जनशक्ति तयार गर्ने।

(ङ) युवाको नेतृत्व विकास र क्षमता अभिवृद्धिका लागि प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय, दक्षिण एशियाली र अन्तर्राष्ट्रिय तालिम, गोष्ठी तथा युवा लक्षित कार्यक्रम र शिविरमा युवालाई सहभागी गराउने।

(च) युवा प्रतिभाको खोजी गरी प्रोत्साहन गर्ने तथा तिनको विकास गर्ने पहल गराउने।

(२) <u>नवप्रवर्तन, सीप विकास र उद्यमशीलता प्रवर्द्धन</u>

(क) युवाका नवीनतम विचारलाई संकलन र मूल्याङ्कन गरी उत्कृष्ट विचारलाई अङ्गीकार गर्ने।

(ख) युवालाई सहकारी जस्ता विभिन्न सामाजिक आर्थिक समूहमा आबद्ध गराई उत्पादनका क्षेत्रमा सक्रिय गराउने र समूह उद्यमी युवा उत्पादन गर्ने।

(ग) युवाको सीपलाई रोजगारी र बजारसँग जोड्ने। उद्यमशीलता विकासमा सहयोगी कार्यक्रममा सरकारी आर्थिक सहायता, प्रविधिको उपलब्धता र सहुलियतपूर्ण कर्जा सहयोग जस्ता विषयमा वित्तीय संस्था र युवा बीचमा सहजीकरण गर्ने।

(घ) युवा सूचना केन्द्रको क्षमता अभिवृद्धि गरी प्रमाणीकृत युवा रोजगार कार्यक्रमलाई समन्वयात्मक तरिकाले वडातहसम्म विस्तार गर्ने।

(ङ) विदेशमा रहेका प्रतिभावान युवाको सीप, क्षमता र प्रतिभालाई प्रोत्साहन र सम्मान गर्दै स्वदेशको हितमा सदुपयोग गर्ने।

(३) <u>युवा क्लब र सञ्जाल गठन तथा परिचालन</u>

(क) छरिएर रहेका युवालाई संगठित गर्ने। प्रत्येक वडामा वडास्तरीय युवा क्लब गठन गर्ने र सबै क्षेत्रका युवा र वडा युवा क्लबबाट प्रतिनिधित्व हुने गरी पालिका सञ्जाल निर्माण गरी युवा संस्था तथा सञ्जालसँग सहकार्य गर्ने।

(ख) बढ्दो सहरीकरण र अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न र सबै प्रकारका जोखिमबाट सुरक्षित रहन युवा समूहलाई जागरुक गराउने।

(ग) युवा निरक्षरता उन्मूलन, वातावरण संरक्षण, ग्रामीण स्वास्थ्य स्वयंसेवा, सीप विकास र उद्यमशीलताका लागि युवा सञ्जाललाई सहयोग उपलब्ध गराई परिचालन गर्ने।

(घ) सार्वजनिक सेवा प्रवाह, नीतिनिर्माण, विकास व्यवस्थापन, सामाजिक, आर्थिक रूपान्तरणमा युवा सहभागिता सुनिश्चित गरी महत्वपूर्ण जिम्मेवारी प्रदान गर्ने।

(ङ) प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय सेवा र अवसरमा युवाको सहभागिता सुनिश्चित गर्ने।

(ङ) महिला, दलित, मधेसी, मुस्लिम, अपाङ्ग, आदिवासी जनजाति, पिछडिएको क्षेत्र, अल्पसंख्यक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक युवाको समावेशिता महत्वपूर्ण स्थानमा सुनिश्चित भए नभएको मापन गर्न समावेशिता परीक्षण कार्यक्रम सञ्चालन गर्ने।

(४) युवा हक अधिकारको सुनिश्चितता (क) सामाजिक र आर्थिक अधिकार र दायित्वसम्बन्धी चेतना अभिवृद्धि गर्ने युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने।

(ख) विद्यालय, विश्वविद्यालय र युवा संस्थामार्फत युवा नेतृत्व, युवाको नीति निर्माण तहमा नेतृत्वको स्थान, युवा मतदाताको अधिकार, यौन तथा प्रजनन स्वास्थ्य अधिकार, गुणस्तरीय शिक्षा तथा रोजगारको अधिकार, सामाजिक अधिकार, युवाको खाद्य अधिकार, युवाको आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक अधिकार तथा युवाको सूचना तथा प्राकृतिक स्रोत माथिको अधिकारका विषयमा चेतना कार्यक्रमहरू सञ्चालन गर्ने।

(ग) जिम्मेवार युवा नागरिक तयार गरी लोकतन्त्र, मानवअधिकार र सुशासन प्रवर्द्धन गर्न युवामा नैतिक शिक्षा, व्यवहार र समाज राष्ट्रप्रतिको दायित्वबोध सम्बन्धित उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गर्ने।

(५) युवा सहकार्य

(क) मानव अधिकार, लोकतन्त्र, सुशासन, वातावरण संरक्षण, युवा विकास र अधिकारका लागि अन्तर्राष्ट्रिय स्तरमा क्रियाशील नेपाली युवा, गैरआवासीय नेपाली युवा, दातृनिकाय तथा विभिन्न प्रदेश तथा देशका युवासँग सहकार्य गराउने स्थानीय तहको युवा समिति र विदेशी कार्यक्रम सञ्चालन गर्ने।

(ख) सामाजिक सांस्कृतिक रूपान्तरणका लागि विभिन्न धर्म, समुदाय, लिङ्ग, क्षेत्रका युवाबीच सह-अस्तित्व, सद्भाव र सहकार्य विकास गर्न अन्तर सांस्कृतिक युवा सम्मेलन, प्रतियोगिता गर्ने।

(ग) पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको ऊर्जा समायोजन गरी दुवै पुस्ताबीचको सहकार्य (Inter-generational partnership) गरी समृद्धिका लागि पुस्तान्तरण, ज्ञानको हस्तान्तरण र आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने।

(६) आमसञ्चार र युवा

(क) स्थानीय, प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय ज्ञान, अवसर तथा प्रविधिका विषयमा युवालाई सुसूचित गराउन एवं सामाजिक, विकृति र विसंगति, हिंसा, अपराध, लागुऔषध तथा दुर्व्यसनका विषयमा युवालाई सचेत गराउन रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने, बुलेटिन, पत्रपत्रिका प्रकाशन गर्ने।

(ख) सूचना प्रविधिका लागि युवाको नेतृत्वमा स्थानीय सूचना केन्द्रबाट सेवा प्रवाह गर्दै युवा लक्षित अनलाइन पत्रपत्रिका, वेबसाइट सञ्चालन गर्ने।

(७) सामाजिक समावेशिता

(क) स्थानीय तहले संचालन गर्ने कार्यक्रममा अपाङ्गता भएका युवा, जोखिममा रहेका युवा, द्वन्द्व प्रभावित युवा, अल्पसंख्यक र सीमान्तकृत युवा, दलित मुस्लिम समुदाय र पिछडिएको क्षेत्रका युवा जस्ता लक्षित समूहका युवाको सहभागिता सुनिश्चित गर्ने।

(ख) युवाबिचको सामाजिक समावेशिता अभिवृद्धिका लागि स्थानीय भाषामा सूचना प्रकाशन, ब्रेललिपि, साङ्केतिक भाषा, अपाङ्गमैत्री सामाजिक संरचना, लैङ्गिक संवेदनशील भाषा र संरचनाको व्यवस्था गर्ने।

(ग) आर्थिक रूपमा र विशेष आवश्यकतामा रहेका युवाको सशक्तीकरण र अभिमुखीकरण, आवश्यकता अनुसारको सीपमूलक र व्यावसायिक शिक्षा, स्वास्थ्य उपचार सेवा र रोजगारी लगायतका विषयमा विशेष ध्यान दिने ।

२. युवा स्वयंसेवाका क्षेत्र

(१) <u>मानवीय कार्यमा युवा स्वयंसेवा</u>

(क) शैक्षिक बेरोजगार युवालाई लक्षित गरी विभिन्न क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने र यसलाई वृद्धि गर्दै लैजाने । यस्ता स्वयंसेवक, शिक्षा, प्राविधिक चेतना, ग्रामीण स्वास्थ्य, वातावरण, सूचना केन्द्र, कृषि तथा सेवा क्षेत्रहरूमा परिचालन गर्ने ।

(ख) रक्तदान, सरसफाइ जस्ता स्वयम्सेवी कार्यक्रमहरूको आयोजना गर्ने । यस्ता कार्यक्रम युवा क्लबहरू मार्फत अघि बढाउने ।

(ग) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय स्वयम्सेवा दल, नेपाल स्काउट, नेपाल रेडक्रस सोसाइटी, विद्यार्थी, राजनीतिक सङ्गठन, क्लब तथा युवा सङ्घ जस्ता संघ संस्थाको समन्वयमा आपतकालीन स्वयंसेवा प्रशिक्षण दिने तथा परिचालन प्रदान गरी समाजसेवाका विभिन्न क्षेत्र जस्तै भूकम्प र प्राकृतिक विपत्ति, सडक दुर्घटना, खाद्य संकट र भोकमरी, डकैती, द्वन्द्व तथा महामारी जस्ता स्थितिहरूमा परिचालन गर्ने ।

(२) <u>वन तथा वातावरण संरक्षण र पर्यटन प्रवर्द्धनमा युवा संलग्नता</u>

(क) युथ ग्रीन क्लब निर्माण गरी वातावरण चेतना र संरक्षण, सरसफाइ, वृक्षरोपण लगायतका कार्यक्रम सञ्चालन गर्ने ।

(ख) हरियाली विहीन वन, प्रयोगविहीन खाली जग्गा रहेको वन क्षेत्र, सडक, बाटो र खोलाका किनार, विद्यालय र सार्वजनिक स्थलमा वृक्षारोपण तथा वन संरक्षणमा युवा परिचालन गर्ने ।

(ग) पर्यटन विकासका लागि होमस्टे, नयाँ पदयात्रा गन्तव्य, ऐतिहासिक पर्यटकीय सम्पदाहरूको खोजी, सांस्कृतिक सम्पदा संरक्षण, नयाँ पर्यटकीय स्थलको प्रवर्द्धन गर्न युवाको नेतृत्व र सहभागितामा विभिन्न महोत्सव र कार्यक्रम आयोजना गर्ने ।

(३) <u>स्वयंसेवालाई विकासको आधारशीलाको रूपमा स्थापित गर्ने</u>

(क) स्वयंसेवा गरेका युवालाई रोजगारीका अवसर, निःशुल्क भत्ता, पदोन्नति र अन्य सेवाका लागि सकारात्मक मूल्याङ्कन गर्ने । युवा स्वयंसेवक समूह गठन गरी विपद् तथा आपतकालीन अवस्थामा परिचालन गर्न युवा स्वयंसेवक तयार गर्ने । स्वयंसेवाको अनुभव भएका युवालाई विशेष प्राथमिकतामा राख्ने ।

(ख) प्रत्येक वर्ष डिसेम्बर पाँच मा मनाइने अन्तर्राष्ट्रिय स्वयंसेवक दिवसका अवसरमा विभिन्न क्षेत्रमा स्वयंसेवा गरेहरू मध्येबाट कम्तिमा पाँच जना स्वयंसेवकलाई प्रत्येक वर्ष सम्मान गर्ने ।

३. सामाजिक विकृति विसङ्गति विरुद्ध युवा अभियान

(१) लैङ्गिक महिला हिंसा, जातीय विभेद तथा छुवाछुत, बोक्सी, छाउपडी, दाइजो प्रथा, बाल विवाह, बहुविवाह जस्ता सामाजिक विकृति विसङ्गति विरुद्ध अभियान सञ्चालन गर्न स्थानीय युवा क्लब, युवा सञ्जाल तथा युवा सम्मिलित निजी क्षेत्रलाई प्रोत्साहित र प्रोत्साहित गर्ने ।

(२) लागूपदार्थ दुर्व्यसनी, कुलत, एचआईभी संक्रमण, आत्महत्या, मनोसामाजिक समस्या लगायतका विषयमा अगुवा भई चेतना कार्यक्रम सञ्चालन गर्ने ।

(३) साइबर अपराध तथा आधुनिक प्रविधिको दुरुपयोगसम्बन्धी सचेतना अभियान सञ्चालन गर्ने ।

(३) महिला हिंसा, मानव बेचबिखन, लागुऔषध ओसार पसार तथा विभिन्न सामाजिक विकृति नियन्त्रण गर्न प्रहरी तथा सुरक्षाकर्मी समुदायमा सचेतना अभियान सञ्चालन गर्ने।

(४) छोरी बुहारी सबलाई, सहानी, बालिका शिक्षा, बालिका बिमा जस्ता अभियानमूलक कार्यक्रम युवाको नेतृत्वमा सञ्चालन गर्ने।

(५) युवा नेतृत्व सिपलाई विद्यालयका पाठ्यक्रममा समेत समावेश गर्ने । विद्यालयस्तरमा बालक्लब गठन र उनीहरूको क्षमतालाई अभिवृद्धि गरी सक्षम युवा र जिम्मेवार नागरिक बनाउन भूमिका निर्वाह गर्ने।

योजना प्रकृयामा युवा सहभागिता सम्बन्धि कार्यविधि २०८०